# श्री अरुणोदय आधारभूत विद्यालय

हिलिहाङ – ५, मसरगाउँ, पाँचथर

स्था. २०४६

प.सं. २०८३/०८४

च.नं. ०७

मितिः २०८३/०६/१५

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

उपर्युक्त सम्बन्धमा यस श्री अरुणोदय आधारभूत विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीको शिक्षक दरबन्दी १ (एक) रिक्त रहेको हुँदा वि.व्य.स. को मिति २०८३/०५/२५ को निर्णय तथा हिलिहाङ गाउँपालिकाको च.नं. ७०९ मिति २०८३/०६/१४ को शिक्षक सरुवा अनुमति पत्रानुसार शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त दरबन्दीमा शिक्षक सरुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले प्राथमिक तहको स्थायी दरबन्दीमा कार्यरत सरुवाको लागि योग्य तथा इच्छुक शिक्षकबाट प्रचलित कानून बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय भित्र सरुवाका लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरुः**

१. सरुवाका लागि रीतपूर्वकको निवेदन ।
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी तथा अस्थायी नियुक्तिपत्रको प्रतिलिपि ।
४. सेवा अवधि खुल्ने कागजात ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि ।
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
७. असाधारण तथा वेतलवी विदा लिएनलिएको कागजात ।
८. अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।
९. हाल कार्यरत विद्यालयको सहमती सम्बन्धी वि.व्य.स. को निर्णय र सहमती पत्र ।
१०. सम्बन्धित स्थानिय तहको सहमती पत्र ।
११. शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने कागजात ।
१२. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम ।

उक्त समयावधि भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) तथा प्रचलित कानून बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**बोधार्थः**

१. शिक्षा विकास तथा समन्वय इकाई, पाँचथर- सूचना वेबसाइटमा प्रकाशनका गरिदिनुहुन ।
२. हिलिहाङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा - सूचना प्रकाशन गरिदिनुहुन ।
३. हिलिहाङ गाउँपालिका , सूचना तथा प्रविधि शाखा - सूचना वेबसाइटमा प्रकाशन गरिदिनुहुन ।

कर्ण कुमार उभरकोटी
प्रधानाध्यापक

प्रधानाध्यापक